# आँधि

उतर चडाब हरु,
मसिना र बलिया हावाका झोक्काहरु
पारिलो घामलाई छेक्ने
अंजुलि भरिका काला बादलहरु,
ढलपल ढलपल, दाया बाया,
दाया  बाया
रुख हरु धर्मराउंछन
आस्था जस्तै,
मानिस को मानिस प्रति को
आस्था  जस्तै

शहर चकमन्न छ,निस्पस्ट छ,
सुनसान दिउंसो मध्य दिनमा
बार्दलिका ,झ्यालका
खोपाहरु टालिएका छन
आंधि कतै यतै पस्ने हो कि भनि
त्रसित छन अनुहार हरु,
अनिस्चित भबिस्य,
कहालि लाग्दो भबिस्य

कर्फु लागेको काठमंडु जस्तो
कोहि छैन चौबाटो मा
कुकुरका जंती छैनन

मोटर का लावा लस्कर कतै निदाई रहेछ
रातो,पहेंलो र हरियो बत्ति भने
पालै पालो बलेको छ

समाचार ,टिभि मा झुंडियका छन
गोला अनुहार हरु
बन्द कोठा का सब इच्छा बन्द छन
गोलघरका बन्दि झै

कलिला हावा का झोक्का हरु भने आइरहेछन
सिम सिमे पानि संगै
- - - - - -
आएन ! त्यो आएन
बाटो बिरायो रे तेस्ले
मांछे ले जस्तै,
टिभि भित्र का मांछे यसो भंछन
अर्को बाटो लियो रे
मांछे ले जस्तै,
रुख शांत छ !!!

***

-कपिल अधिकारी